**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०१ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- मुख्यमंत्री सुभेन्दु अधिकारीले आज आफ्नो मंत्रीमण्डलको बिस्तार गर्नु भयो। राज्यपाल आर.एन.रविले लोकभवनमा आयोजित एक शपथ ग्रहण समारोहमा 35 नयाँ मंत्रीहरूलाई पद अनि गोपनीयताको शपथ दिलउनु भयो। कालचीनीका विधायक बिशाल लामाले पनि राज्यमंत्रीको शपथ लिनुभयो।

- पश्चिम बङ्गाल सरकारले आज राज्यभरि राज्य सञ्चालित बसहरूमा महिलाहरूका लागि निःशुल्क यात्रा सुविधा लागू गरेको छ।

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज पूर्ववर्ती तृणमूल कांग्रेस सरकारको लक्ष्मी भण्डार योजना अन्तर्गत लगभग ३० लाख नक्कली खाताहरू बनाएको दाबी गर्नुभएको छ।

- दार्जिलिङका विधायक नोमन राईले संयुक्त चालक मञ्चका प्रतिनिधिहरूसँग दार्जिलिङको प्रसिद्ध पर्यटकीय स्थल टाइगर हिल परिसरको भ्रमण गरी चालकहरूले दैनिक रूपमा भोग्दै आएका विभिन्न समस्याबारे प्रत्यक्ष जानकारी लिनुभएको छ।

- आजदेखि खरसाङको रोहिणी रोडमा अवस्थित टोल प्लाजामा कुनै शुल्कबिना नै गाडीहरु कुद्न थालेका छन्।

**<u>पश्चिम बंगल मंत्रीमण्डल बिस्तार</u>**

मुख्यमंत्री सुभेन्दु अधिकारीले आज आफ्नो मंत्रीमण्डलको बिस्तार गर्नु भयो। राज्यपाल आर.एन.रविले लोकभवनमा आयोजित एक शपथ ग्रहण समारोहमा 35 नयाँ मंत्रीहरूलाई पद अनि गोपनीयताको शपथ दिलउनु भयो। जसमा 13 जना क्याबिनेट र 3 जना राज्यमंत्री स्वतंत्र प्रभार अनि 19 जना राज्यमँत्रीहरू सामेल छन्। स्मरण रहोस मुख्यमंत्री सहित पाँच मंत्रीहरूले विगत 9 मईको दिन शपथ लिएका थिए। यसरी मुख्यमंत्री सुभेन्दु अधिकारीको नेतृत्वमा सरकार चलाउन जम्मा 40 मंत्रीहरू सामेल गरिएका छन्।

(BYTE)

**<u>निःशुल्क यात्रा सुविधा</u>**

पश्चिम बङ्गाल सरकारले आज राज्यभरि राज्य सञ्चालित बसहरूमा महिलाहरूका लागि निःशुल्क यात्रा सुविधा लागू गरेको छ। सरकारको घोषणाअनुसार, अब महिला यात्रीहरूले सरकारी बसमा यात्राका लागि कुनै भाडा तिर्नुपर्ने छैन। उनीहरूलाई बसमा चढ्दा "शून्य भाडा" टिकट जारी गरिँदैछ। यो सुविधा राज्यका सबै क्षेत्रमा उपलब्ध छ र सामान्य मार्गका साथै लामो दूरीका बसहरूमा पनि लागु गरिएको छ।

महिला यात्रीहरूले योजनाको लाभ उठाउन परिचय पत्रहरू पेश गर्नुपर्नेछ। यातायात विभागले जारी गरेको निर्देशनअनुसार, आधार कार्ड, मतदाता परिचय पत्र, मनरेगा रोजगार कार्ड, आयुष्मान भारत कार्ड, ड्राइभिङ लाइसेन्स, प्यान कार्ड, पासपोर्ट, फोटोसहित पेन्सन दस्तावेज, राज्य वा केन्द्र सरकारको कर्मचारी परिचय पत्र, विद्यालय, कलेज वा विश्वविद्यालय परिचय पत्रसहित सरकारले नोकरी गरेको अन्य वैध परिचय पत्रहरू मध्ये एउटा देखाएर निःशुल्क टिकट प्राप्त गर्न सक्नेछ।

यस सम्बन्धमा आज बिहानदेखि राज्य यातायात निगम र अन्य सरकारी बसहरूमा नोटिसहरू राखिएको छ। महिला यात्रीहरूलाई उचित रूपमा शून्य भाडा टिकट जारी गर्ने प्रक्रिया पालना गर्न बस अपरेटर र चालकहरूलाई पनि विशेष प्रशिक्षण दिइएको छ।

मुख्यमन्त्री सुभेन्दु अधिकारीले एक सामाजिक संजाल पोस्टमा यस योजनाको शुभारम्भको जानकारी दिनुहुदै राज्य सरकार महिला सुरक्षा, सामाजिक प्रगति, आत्मनिर्भरता र अधिकारलाई सुदृढ पार्न प्रतिबद्ध रहेको र चुनावी वाचाअनुसार सरकारी बसमा महिलाका लागि निःशुल्क यात्रा सुविधा लागु गरिएको बताउनुहेको छ।

**कलिता माझी**

शुभेंदु अधिकारीको मंत्रिमंडल झाड़ू पोछा लगाएर जीवन यापन गर्ने कलिता मांझीलाई सामेल गरिएकोछ। कलिता माझीको पूरा जीवन एकदमै गरीबी र तंगहालमा बीतेकोछ। उनी आफ्नो घर संसार चलाउन अर्काको घरमा झाड़ू-पोछा र भाँडा धुने काम गर्थिन। उनको संघर्षलाई ध्यानमा राख्दै भाजपाले उनलाई विधान सभा चुनावमा टिकट दियो। अनि उनले टीएमसीको मजबूत किलालाई ध्वस्त पारिन। मुख्यमंत्री सुवेंदु अधिकारीले उनलाई आफ्नो मंत्री परिषदमा शामेल गरि महिला र गरीब वर्गको हितमा एउटा ठूलो राजनीतिक संदेश दिएकोछ। कलिता माझीले हुगलीको ऑसग्राम विधानसभाबाट विजयी भएकी हुन| कलिता माझीको संघर्षशील जीवनको प्रशंसा स्वयं प्रधानमंत्री नरेन्द्र मोदीले गरि सक्नु भएकोछ। कलिता माझीले चुनाव प्रचारको बेला पनि अरूको घरमा काम गर्न जारी राखिन र महीनामा 2,500 रुपये कमाउथिन्। चुनावमा कलिता माझीले 107,692 वोट पाइन भने टिएमसीका दिग्गज नेता श्याम लोहार ले केवल 95,535 वोट पाए। यसरी माझीले 12,692 वोटहरूको अन्तरले शानदार जीत हासिल गरिन्।यद्यपि 2021 को चुनावमा कलिता: 12000 भन्दा बढी मतले पराजित भएकी थिन्।

**शुभेन्दु अधिकारी लक्ष्मी भण्डार योजना**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज पूर्ववर्ती तृणमूल कांग्रेस सरकारको लक्ष्मी भण्डार योजना अन्तर्गत लगभग ३० लाख नक्कली खाताहरू बनाएको दाबी गर्नुभएको छ। उहाँले राज्यका पुलिस महानिदेशकलाई यस विषयमा जांच गर्न विशेष जांच टिम (एसआईटी) गठन गर्न निर्देशन दिनुभएको छ।नबन्नामा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्रीले यस मामिलामा अवैध पैसा स्थानान्तरण भएकोले, मनी लान्ड्रिङको जाच पनि गरिने बताउनुभयो। उहाँले धेरै पुरुषहरूले पनि महिलाहरूको लागि सुरु गरिएको यो योजनाबाट धोखाधडी मार्फत लाभ उठाएको आरोप लगाउनुभयो।मुख्यमन्त्रीले प्रारम्भिक अनुसन्धानले उल्लेखनीय संख्यामा अनियमितता भएको संकेत गरेको बताउनुभएको छ। उहाँले बताउनुभए अनुसार, महिलाको नाममा यस योजना अन्तर्गत लाभ प्राप्त गरेको आरोपमा केही पुरुषहरू पहिला बाट नै पक्राउ गरिएको छ। राज्य सरकारले यी कथित अनियमितताहरू हटाउन कडा कारबाही गर्नेछ |अधिकारीले अन्नपूर्ण भण्डार योजनाको लागि जारी गरिएको १२ पृष्ठको सत्यापन प्रपत्रको पनि बचाउ गर्नुभयो। उहाँले नयाँ भाजपा सरकार अन्तर्गत यस योजनाको लागि आवेदन प्रक्रियामा प्रश्न उठाउनेहरूले लक्ष्मी भण्डार योजनामा प्रकट भएका अनियमितताहरूलाई पनि विचार गर्नुपर्छ भनि बताउनुभयो।मुख्यमन्त्रीले अन्नपूर्ण भण्डार योजना अन्तर्गत, योग्य महिलाहरूलाई प्रति महिना ३ हजार आर्थिक सहायता प्रदान गरिने र यस योजनाको पहिलो किस्ता बुधबार ठूलो संख्यामा महिला लाभार्थीहरूको खातामा जारी गरिने बताउनुभयो। आवेदन फारमको जटिलताको बारेमा सोधिएको प्रश्नको जवाफ दिनुहुदै, उहाँले गैर-भारतीय वा अयोग्य व्यक्तिहरूको खातामा कुनै पनि रकम नजाओस् भन्ने सुनिश्चित गर्न यो व्यवस्था गरिएको बताउनुभयो।

**मुख्यमन्त्री नीति आयोग बैठक**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले ११ जुनमा नयाँ दिल्लीमा हुने नीति आयोगको बैठकअघि सबै राज्य सरकारी विभागहरूको वर्तमान स्थितिको विस्तृत रिपोर्ट माग्नुभएको छ। मुख्यमन्त्रीले सबै विभागका सचिवहरूलाई ५ जुन सम्ममा आफ्नो रिपोर्ट बुझाउन निर्देशन दिनुभएको छ।सुत्र अनुसार, मुख्यमन्त्रीले नीति आयोगको बैठकमा पश्चिम बंगालको समग्र अवस्था, विकास योजना र वित्तीय आवश्यकताहरू उजागर गर्ने तयारी गर्नुभएको छ। यस उद्देश्यका लागि, उहाँले सबै राज्य विभागहरूको कार्यप्रणाली, उपलब्धिहरू, चुनौतीहरू र आवश्यकताहरूको विस्तृत विवरण अनुरोध गर्नुभएको छ।

## नोमन राई भ्रमण

दार्जिलिङका विधायक नोमन राईले संयुक्त चालक मञ्चका प्रतिनिधिहरूसँग दार्जिलिङको प्रसिद्ध पर्यटकीय स्थल टाइगर हिल परिसरको भ्रमण गरी चालकहरूले दैनिक रूपमा भोग्दै आएका विभिन्न समस्याबारे प्रत्यक्ष जानकारी लिनुभएको छ। उहाँले यस भ्रमणका क्रममा टोकन व्यवस्थापन, पार्किङको अभाव, शौचालयको अवस्था तथा अन्य आवश्यक पूर्वाधार सम्बन्धी समस्याहरूको अवलोकन गरेको बताउनुहुदै पर्यटन क्षेत्रसँग प्रत्यक्ष रूपमा जोडिएका चालकहरूको सुविधा र सम्मान सुनिश्चित गर्नु अत्यन्त आवश्यक रहेको बताउनुभयो।उहाँले जनसाधारणको विभिन्न माग तथा समस्याहरूलाई सम्बन्धित विभागसमक्ष उठाई आवश्यक समाधानका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुदै जनताको समस्या बुझ्दै समाधानतर्फ निरन्तर प्रयासरत रहनेछु भनी बताउनु भएको छ।

## तृणमूल कांग्रेस विधायक निष्कासन

तृणमूल कांग्रेसले आफ्ना दुई विधायकहरू, सन्दीपन साहा र ऋताब्रता बनर्जीलाई पार्टी विरोधी गतिविधि, महत्त्वपूर्ण बैठकहरूमा अनुपस्थिति र सार्वजनिक रूपमा पार्टी नेतृत्वको आलोचना गरेको आरोपमा निष्कासन गरेको छ। विधानसभा चुनावमा पराजय पछि पार्टी भित्र चलिरहेको आन्तरिक कलहको बीचमा यो कदम चालिएको हो।

## क्रिडा भारती उत्तर बंगाल

आगामी 6 जून 2026 शनिबारको दिन क्रिडा भारती उत्तर बंगालको तत्त्वावधानमा क्रिडा भारती उत्तर बंगाल प्रान्तको वार्षिक योजना बैठक अनि कार्यकर्ता प्रशिक्षण वर्ग शिविरको आयोजना सिलगढीको उत्तर बंग मारवाडी भवनमा सम्पन्न हुने जानकारी प्राप्त भएको छ। जानकारीअनुसार कार्यक्रममा क्रिडा भारती अखिल भारतीय सह-सम्पादक श्री मधुमय नाथ अनि राष्ट्रीय स्वयंसेवक संघ उत्तर बंग प्रान्त प्रचारक श्री श्यामा चरण रायको प्रमुख उपस्थिति रहनेछ। कार्यक्रम बिहान 10 बजीदेखि अपरान्ह 4 बजीसम्म हुने जानकारी प्राप्त भएको छ।

## रोहिणी टोल ट्याक्स

आजदेखि खरसाङको रोहिणी रोडमा अवस्थित टोल प्लाजामा कुनै शुल्कबिना नै गाडीहरु कुद्न थालेका छन्। गत केही दिन अघि दार्जिलिङका सांसद राजु विष्टले गरेको घोषणाअनुरूप आज 1 जूनदेखि रोहिणी टोल प्लाजामा टोल ट्याक्सबिना नै गाडीहरु कुद्न थालेको छ।

आज बिहान गोरामुमो समर्थकहरू टोल प्लाजामा पुगेर गोरामुमोका संस्थापक अध्यक्ष सुवास घिसिङ र वर्तमान पार्टी अध्यक्ष मन घिसिङको पोस्टर लगाएका थिए। आजदेखि टोल प्लाजामा कुनै शुल्कबिना नै गाडीहरु कुद्न थालेपछि यसलाई गोरामुमोले ठूलो जीतको रुपमा हेरेको छ।

रोहिणी रोड हालमा दार्जिलिङ पहाड र तराईलाई जोड्ने प्रमुख रोड हो। यस रोडमा लाग्दै आएको टोल शुल्कका कारण स्थानीय बासिन्दा, दैनिक यात्रीहरु, व्यवसायी तथा गाडी चालकहरू आर्थिक रूपमा प्रभावित हुँदै आएका थिए। उक्त टोल प्रणाली समाप्त भएसँगै जनताले ठूलो राहत अनुभव गरेको गोरामुमो खरसाङ ब्राञ्च कमिटी अध्यक्ष निमा लामाले जनाउनु भएको छ। उहाँले यो उपलब्धि गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङको नेतृत्वमा निरन्तर उठाइँदै आएको जनसरोकारको मुद्दाको सकारात्मक परिणाम रहेको बताउनु भयो भने दार्जिलिङ लोकसभा क्षेत्रका सांसद राजु विष्टको प्रशासनिक पहलले पनि ट्याक्स बन्द भएको भन्दै लामाले सांसदलाई पनि धन्यवाद दिनु भएको छ।

## सरकारी विद्यालय 'बन्दे मातरम'

पश्चिम बङ्गालका सरकारी विद्यालयहरू गर्मीको छुट्टीपछि आज देखि पुनः खोलिएका छन्। राज्य सरकारको निर्देशनअनुसार विद्यालयहरूमा प्रार्थना सभामा 'बन्दे मातरम' को सामूहिक गायनबाट दिनको शुरुवात भयो। हालै राज्य सरकारले सबै विद्यालयमा प्रार्थनासभामा 'बन्दे मातरम' अनिवार्य गाउने निर्देशन जारी गरेको थियो।

जलपाइगढ़ीको सोनाउल्ला प्राथमिक विद्यालयमा विद्यार्थीहरू बिहान विद्यालय परिसरमा लाइनमा उभिएर एकजुट भएर 'बन्दे मातरम' गाएको देखियो। त्यसपछि, प्रार्थना समाप्त भयो अनि नियमित कक्षाहरू शुरु भए। नयाँ परिवर्तनप्रति विद्यार्थीहरूमा ठूलो उत्साह देखाएको थियो भने राज्यका अन्य सरकारी विद्यालयहरूमा पनि यस्तै दृश्य देखियो।

विद्यार्थीसँगै अभिभावक, शिक्षक र शिक्षा कर्मचारीहरूले पनि देशभक्तिको भावना दिँदै यो नयाँ शुरुवातलाई स्वागत गरे। यस पहलको उद्देश्य विद्यार्थीहरूमा राष्ट्रिय एकता र देशभक्तिको भावनालाई प्रोत्साहित गर्नु रहेको राज्य सरकारले जनाएको छ।

****** ० ******